# ब्यक्तिगत रेकर्ड फाईल खरिद गर्ने बारेको
# सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०७/१३ गते

**बोलपत्र नं :- ०१/०८०/८१**

यस वित्तीय संस्थाको ग्राहक सदस्यहरुको ब्यक्तिगत कागजपत्रहरु ब्यवस्थित गर्नका लागि बोलपत्र प्रस्ताव फारममा उल्लेखित संख्या तथा स्पेसिफिकेशन बमोजिम ८ पेजको १ लाख थान ब्यक्तिगत रेकर्ड फाईल सिलबन्दी बोलपत्रको माध्यमबाट आपुर्ति गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना पुनः प्रकाशित गरिएको छ ।

**बोलपत्र सम्बन्धी सर्तहरु :**

१. बोलपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले माथि उल्लेख गरिए अनुसारका सामानको लागि बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मिति देखि **मिति २०८० मंसिर २२ गते** (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो २:०० बजेसम्म काठमाण्डौ, मध्यबानेश्वर स्थित यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट पछि फिर्ता नहुने गरी प्रति बोलपत्र रु.२,०००।-(अक्षरेपी दुई हजार मात्र) तिरी खरिद गर्न सकिनेछ । बोलपत्र राखिएको खामको बाहिर सिरमा सिलवन्दी बोलपत्र पेश गरिएको कामको शिर्षक **"ब्यक्तिगत रेकर्ड फाईलको लागि"** भनि विवरण समेत उल्लेख गरिएको हुनु पर्नेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (मु.अ.कर समेत), आ.व.२०७८/७९ कर चुक्ताको प्रमाण पत्र सहित आधिकारिक निवेदन पेश गर्नु पर्नेछ ।

३. यस सूचना प्रकाशित भएको मिति देखि **मिति २०८० मंसिर २४ गते** (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) दिउँसो १२:०० बजे भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय मध्यबानेश्वर काठमाण्डौंमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ ।

४.बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा स्पेसिफिकेशन बमोजिम तयार गरि वित्तीय संस्थालाई उपलब्ध गराउने फाईलको नमुना प्रति समेत प्राविधिक अन्तर्गतको फाईलमा संलग्न राखि पेश गर्नुपर्नेछ ।

५. यस सूचना प्रकाशित भएको मिति देखि **मिति २०८० मंसिर २४ गते** (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको) दिउँसो ३:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

६. बोलपत्रको साथमा कबोल अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) रकम यस छिमेक लघुवित्त वित्तीय संस्थाको नाममा रहेको ग्लोबल आई.एम.ई.बैंक लिमिटेड, कमलपोखरीमा रहेको खाता नं. ०७५०१०१००००६४२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस वित्तीय संस्थाको पक्षमा जारी भएको बोलपत्र पेश गर्ने मितिले ९० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ ।

७. बोलपत्र सम्वन्धी विस्तृत विवरण र बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) र वित्तीय संस्थाको विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

८.प्राप्त बोलपत्रहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित हुनेछ । सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन वित्तीय संस्था बाध्य हुने छैन ।

९.यस सम्बन्धी थप जानकारी चाहिएमा छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय कार्यालय प्रशासन तथा कानून विभाग काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्बन्धी सूचना यस वित्तीय संस्थाको Website : www.chhimekbank.org मा पनि हेर्न सकिन्छ ।

**बोलपत्र खरिद गर्ने अन्तिम मिति :** २०८० मंसिर २२ गते शुक्रबार (२:०० बजे) सम्म ।
**सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :** २०८० मंसिर २४ गते आईतबार (१२:०० बजे) सम्म ।
**सिलबन्दी बोलपत्र खोलिने मिति :** २०८० मंसिर २४ गते आइतबार, समय दिनको ३:०० बजे ।
**सिलबन्दी बोलपत्र खोलिने स्थान :** छिमेक लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, काठमाण्डौं ।


**छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)
*"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"*
**मध्यबानेश्वर, काठमाण्डौ, फोन नं. ०१-४५९५५१३, ४५६४८५३**
Email: info@chhimekbank.org, Web: www.chhimekbank.org